## कार्यक्रम प्रगति प्रतिवेदन

## कृषि जैविक विविधता प्रदर्शनी मेला,माटो परिक्षण शिविर कार्यक्रम तथा पशुस्वास्थ्य औषधि वितरण कार्यक्रम

### १. पृष्ठभूमि :

**(क) कृषि जैविक विविधता प्रदर्शनी मेला :-**

कृषि उत्पादनलाई प्रोत्साहन दिन तथा कृषकहरुमा स्वस्थ प्रतिस्पर्धाको भावना विकास गराई उत्पादनमा थप बृद्धि गर्न र निर्वाहमुखि कृषि प्रणालि बाट व्यवसायिक कृषि प्रणलि तर्फ अग्रसर हुनका निम्ति उत्प्रेरित गर्ने कार्यक्रमहो कृषि जैविक विविधता मेला । यसमा विभिन्न समुह तथा परिवारमा पर्ने विभिन्न कृषि बालि वस्तुको खल्ला प्रदर्शन गरिन्छ र ती प्रदर्शन गरिएका बालि वस्तुलाई विभिन्न शीर्षकको आधारमा मुल्याङ्कन गरिन्छ । जस्तै: कुनै वालि बस्तुको मुल्याङ्कन गरिदै गर्दा सो बालि रोग किराको प्रकोपबाट कतिको ग्रसित छ , बजारका लागि बिकि योग्य छ कि छैन् , खानको लागि तथा भण्डारण गर्न कतिको उपयुक्त छ , यस्तै यस्तै विषयबस्तुलाई आधार मानेर मुल्याङ्कन गरी त्यसै अनुरुप अङ्क प्रदान गरिन्छ र अन्तमा जोड्दा आएको कुल योगफलको आधारमा ती बालि बस्तुलाई उत्कृष्ट , राम्रो तथा मध्यम वर्गमा अथवा प्रथम , द्बितिय , तृतिय र आवश्यकता अनुशार सात्वनाको वर्गमा राखि सो बालि बस्तुको प्रदर्शन गर्न आएका कृषहरुलाई पुरष्कार वितरण गरिन्छ । यसरी समय समयमा कृषि जैविक बिबिधता मेला कार्यक्रमसञ्चालन गर्नाले जन समुदायले प्रत्यक्ष कृषि उत्पादनको अवलोकन गर्न पाउछन भने अर्कोतर्फ उत्पादन प्रदर्शन गरेर पुरष्कृत भएका कृषक वर्ग तथा अन्य व्यक्तिहरुलाई कृषि कर्ममा लाग्न थप हौसला मिल्छ ।

**(ख)माटो परिक्षण शिविर कार्यक्रमः-**

बास्तबमा माटो पृथ्वीको सबैभन्दा माथिल्लो सतहको त्यो पदार्थ हो जुन चट्टानहरु खिइएर, टुकिएर तथा विभिन्न वनस्पति र जीवजन्तुको अवशेषहरुबाट मिलेर बनेको हुन्छ जसमा हामिले बोटविरुवालाई उमार्न,हुर्काउन तथा बढाउन सक्छौ र यसले बिरुवालाई उम्रन,बढ्नको लागि आधार दिन्छ । हालको समयमा आएर विरुवामा आवश्यकता अनुरुपको मलको प्रयोग नहुनु, प्राङ्गारिक मलको प्रयोगमा कमि हुनु, भू-क्षय बढ्नु, वनजङ्गलको विनास, तथा माटोमा बढ्दो अम्लियपनाको कारण दिन प्रति दिन माटोको उर्बराशक्ति घटिरहेको छ। तसर्थ माटोको समग्र अवस्थाको जानकारी लिन, यसको उर्बराशक्ति,क्षारियपन तथा अम्लियपनको ब्यवस्थापन गर्नको लागि समयसमयमा माटोको परिक्षण गरिरहनु पर्छ। यसको लागि माटो परिक्षण शिविर पनि राम्रो विकल्प हो । यसको अवधि दुई दिनको हुन्छ । यसमा कुनै निश्चित स्थानमा गई कयर्ष पष्त दयह को माध्यमले कृषकले ल्याएका नमुना माटोको परिक्षण गरिन्छ र यसमा माटोको पि.एच, नाईट्रोजन, फस्फोरस र पोटासको अवस्थाको बारेमा कयर्ष अययिच अजबचत सँग तुलना गरि बिश्लेषण गरिन्छ। माटो जाँच शिविर तीन तीन बर्षको अवधिमा गर्ने गरिन्छ।

**(ग) पशुस्वास्थ्य औषधि वितरण कार्यक्रमः-**

पशुपन्छीमा लाग्ने विभिन्न रोग तथा किराहरुको नियन्त्रणको लागि समयसमयमा पशु स्वास्थ्य शिविर पनि आयोजना गरिन्छ । यसबाट निःशुल्क औषधि पाई कृषकहरुले आफुले पालिरहेका पशुपन्छीको स्वास्थ्यमा सुधार ल्याउन सुनौलो मौका पाउँछन् ।

### २. उद्देश्य :

क) माटोको उर्बराशक्तिको अबस्थाबारे थाहा पाउन,

ख) माटोको पी.एच. थाहा पाउन,

ग) माटोमा रहेका नाईट्रोजन, फस्फोरस र पोटासको अबस्थाबारे थाहा पाउन,

घ) कृषकहरुले उत्पादन गरेका कृषि उपजहरुको प्रदर्शन गराई उत्कृष्ट उत्पादनलाई पुरष्कृत गर्दै थप प्रतिस्पर्धि र व्यबसायिक उत्पादनमा जोड दिन,

ङ) पशुपन्छीका विभिन्न रोग सँग सम्बन्धित औषधिको वितरण गरि पशु स्वास्थ्यमा सुधार ल्याउन ।

**३. सञ्चालन भएको स्थान :** लिखु गाउँपालिका वडा न. ८, टारकेराबारी

**४. सञ्चालन भएको अवधि** : २०७७-०९-१७ देखि २०७७-०९-१८ सम्म

**५. लाभान्वित जनसंङ्ख्या :**

क) जैविक विविधता कृषि मेला अबलोकनबाट :- ५०० जना

ख) माटो परिक्षण शिविर कार्यक्रमबाट :- २७ जना

ग) पशुपन्छीको औषधि वितरण कार्यक्रमबाट :- जम्मा ६८६ पशुपन्छी

**६. सम्पादित क्रियाकलाप :**

क) कृषि जैविक विविधता मेला सम्पन्न भएको,

ख) माटो परिक्षण शिविरको कार्य सम्पन्न भएको,

ग) पशुस्वास्थ्य सम्बन्धि औषधि बितरण कार्य सम्पन्न भएको ।

**७. अपेक्षित परिणाम तथा उपलब्धि :**

क) कृषि जैविक विविधता प्रदर्शनी मेलामा कृषक बर्गले आफ्नो उत्पादनको प्रदर्शन गर्न पाएका र हरेक विधामा उत्कृष्ट भएका उत्पादनलाई पुरस्कार वितरण गरिएको,

ख) माटो परिक्षण शिविर सम्पन्न भएपश्चात शिविरबाट लाभान्वित सम्पुर्ण कृषकको माटोमा रहेको नाईट्रोजन, फस्फोरस, पोटास र माटोको पी.एच. को अबस्थाबारे थाहा भएको,

ग) पशु सम्बन्धि विभिन्न रोगका औषधिहरु प्राप्त गरेर यसबाट कृषकहरु लाभान्वित बनेका।

**८. सल्लाह तथा सुझाव :** फिल्डमा जाँदा यातायातको राम्रो प्रबन्ध गरिनुपर्ने ।

**९. निष्कर्ष :** यस कृषि जैविक विविधता प्रदर्शनी मेला, माटो परिक्षण शिविर तथा पशुस्वास्थ्य औषधि वितरण कार्यक्रमबाट क्रमश: कृषि उत्पादनमा खुल्ला तथा स्वस्थ प्रतिस्पर्धाको भावना विकास भइ उत्पादनमा थप टेवा पुग्ने, माटो शिविरबाट लाभान्वित बनेका वडा नं. ७, ८ र ९ का सम्पुर्ण कृषक बर्गको माटोको अबस्था थाहा भइ त्यहि अनुरुप सुधार गर्न मौका मिल्ने र पशुस्वास्थ्य औषधि वितरण कार्यक्रमबाट लाभान्वित बनेका कृषकहरुले पालिरहेका पशुचौपायको स्वास्थ्यमा सुधार आउने निष्कर्ष निकालियो ।

<u>कार्यक्रम तस्विरहरु:-</u>












तयार गर्ने :-

लबहरी खत्री

कृषि प्राविधिक सहायक(पाचौँ)

लिखु गाउँपालिका(कृषि शाखा)